# त्रिवेणी गाउँपालिकाको कृषि कार्यक्रम सञ्चालन

# कार्यविधि २०७९

त्रिवेणी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
लुहाम, सल्यान कर्णाली प्रदेश, नेपाल

# <u>कृषि कार्यक्रम संचालन कार्यविधि २०७९</u>

**प्रमाणीकरण मिति २०७९/०५/१९**

**<u>पृष्ठभूमीः</u>**
कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको २५ प्रतिशत योगदानलाई अझ वृद्धि गर्दै लैजान कृषि उत्पादन क्षेत्रलाई निर्वाहमुखीवाट व्यवसायीकरणमा परिणत गर्न र तीव्रतर लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ । यसका लागि कृषिक्षेत्रको उत्पादन प्रशोधन तथा बजारीकरण गरी व्यवसयिक कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुऱ्याउन र यस व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रर्वद्धन एवं गरिवी न्युनिकरणको माध्यमवाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुऱ्याउन यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न त्रिवेणी गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यनितिको नाम **"त्रिवेणी गाउँपालिकाको कृषि कार्यक्रम संचालन कार्यविधि २०७९"** रहेको छ ।
२. यो कार्यविधिवि बार्षिक कार्यक्रम संचालन संम्बन्धी भयकाले स्विकृत भएको मिति देखि लागु हुनेछ ।

२) **परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. **"गाउँपालिका "** भन्नाले त्रीवेणीगाउँपालिका सम्झनु पर्दछ|
२. **"शाखा"** भन्नाले कृषि विकास शाखा सम्झनु पर्दछ ।
३. **"कार्यालय"** भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।
४. **"समिति"** भन्नाले गाउँपालिकाको कृषि विकास कार्यक्रम संचालन समिति सम्झनु पर्दछ ।
५. **"निजि फार्म"**भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यसकार्यलयमा दर्ता भएको फर्म सम्झिनु पर्दछ |
६. **"सहकारी"** भन्नाले न्युनतम २५ वा सो भन्दा वढी साझा उद्देश्य भएका कृषकहरू संगठित भई सहकारी डिभिजन कार्यालयमा वा गाउँ पालिकामा दर्ता भएका संम्झनु पर्ने छ ।
७. **"समूह"** भन्नाले १० देखी २५ जना सम्म कृषकहरू संगठित भई यस गाउँपालिका कृषि वकास शाखामा दर्ता भएको सम्झनु पर्ने छ |
८. **"कार्यबिधि"** भन्नाले "**कृषि कार्यक्रम संचालन कार्यबिधि २०७९**"सम्झनु पर्दछ।

**३ कार्यक्रमको उद्देश्य**

१. कृषि विकास शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने ।

२. गाउँ सभाबाट विनियोजित रकमलाइ पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने ।
३. संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने ।
४. गाउँपालिकालाई खद्यान्न तथा तरकारी फलफूलमा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने ।
५. कृषि व्यवसायको उद्यमशीलता प्रबर्धन एव व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने ।
६. कृषि व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्युनिकरण गर्ने ।
७. कृषकहरुलाई उत्पादनको आधारमा अनुदानको व्यवस्था गरि उत्पादन बढाउने तर्फ उत्साहित गर्ने

**४. अनुदान उपलब्ध गराउन सक्ने :**

१.स्थानिय सरकारले विनियोजित गरेको वार्षिक वजेट तथा स्विकृत कार्यक्रम कमोजिम कृषि क्षेत्र विकासको लागी अनुदान उपलब्ध गराउन सक्नेछ ।

२.देहाय बमोजिमको विषयमा अनुदान प्रवाह हुनेछन ।

- खाद्य सुरक्षा तथा पोषण सुधार कार्यक्रमहरू
- जिविकोपार्जन तथा सिमान्तकृत लक्षित कृषक कार्यक्रमहरू
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरू
- कृषि पूर्वाधार लक्षित कार्यक्रमहरू
- कृषि सम्वन्धी अन्य विविध कार्यक्रमहरू
-

**५. अनुदान ग्राहिको छनौट :**

१.कार्यालयले सार्वजनिक सुचना प्रकाशन गरी यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने कृषक, कृषक समुह, सहकारी, फर्म तथा कम्पनीहरूबाट अनुदानको लागी सामान्य अशोज महिना भित्र आवेदन माग गरने छ ।

२. अनुदान संग सम्वन्धीत कार्यक्रमको प्राविधिक मापदण्ड, सूचनाको ढाँचा(अनुसुची २ बमोजिम),आवेदनको ढाँचा(अनुसुची ३ अनुसार),आवेदक प्रस्तावको मूल्याङ्कन/छनौट सम्वन्धी प्राविधिक मापदण्ड, सूचनाको सार्वजनिकरण तथा संचालन विधि गाउँपालिकाले तोके वमोजिम हुनेछ ।

**६. गाउँपालिका कृषि कार्यक्रम संचालन तथा कार्यक्रम छनौट समिति** : कृषि प्रसार कार्यक्रम संचालनको लागी देहाय बमोजिमको कृषि विकास समिति गठन गरिने छ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सवै वडाका वडा अध्यक्षहरू | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य सचिव |

**नोट :** समितिले आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्ने छ ।

१ स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर बसेको बैठकको भत्ता पाइने छैन।

२ कृषि विकास समितिको बैठक प्रत्यक चौमासिकमा एक पटक वा आवश्यकता अनुसार बस्ने छ ।

३ कृषि विकास सिमितको बैठक सम्भव भएसम्म कार्यालय समय बाहिर बस्नु पर्ने छ ।

**बैठक भत्ता सम्बन्धि ब्यवस्था :**

- कृषि विकास समितिको बैठक बसे बापत प्रति सदस्य प्रति बैठक रू. १५००।( एक हजार पाँच सय रूपैयाँ मात्र ) व्यवस्था गरिने छ ।
- **उपस्थिति :** बैठकमा उपस्थित प्रत्येक सदस्यले उपस्थित पुस्तिकामा आफ्नो नाम र बुझिने गरी दस्तखत गर्नुपर्नेछ ।

**७. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति :** कृषि प्रसार कार्यक्रम संचालनको लागी देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | संयोजक |
| आर्थिक विकास संयोजक | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| कृषि शाखा हेर्ने प्राविधिक | सदस्य |

**नोट :** समितिले आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्ने छ ।

**८. अनुदान रकम र सिमा :** यस कार्यविधि अनुसार उपलब्ध गराइने अनुदान रकमको सिमा कृषक,कृषक समुह, सहकारी तथा कृषि फर्महरूको लागी कार्यक्रमको प्रकृति हेरी निशुल्क तथा वढीमा ८५ प्रतिशत, ७० प्रतिशत र ५० प्रतिशत सम्म हुनेछ ।

**९. अनुदान ग्राहीसंग सम्झौता गर्नुपर्ने :** कार्यालयले अनुदान ग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पछी अनुदान ग्राही संग अनुसुची ४ को ढाँचामा सम्झौता गर्नेछ

**१०. अनुदानको भुक्तानी प्रकृया :**

- अनुदानग्राहीको भुक्तानी हुने रकम वैंक खातामा जम्मा हुनेगरी उपलब्ध गराउनु पर्ने छ ।
- अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजित रकम कार्याक्रम अनुगमन समितिले कार्यक्रम सम्पन्न प्रतिवेदनको आधारमा सेवाग्राहीलाइ लगानी अनुपातको आधारमा एकमुष्ट रकम भुक्तानी गरिने छ ।

**१०.परिमार्जन तथा संशोधन :** यस निर्देशिकालाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गरी लागु गर्न सक्नेछ ।

**अनुसुची १**

**(दफा ३ को उपदफा २ बमोजिम)**

| क.सं. | आर्थिक अनुदान प्रवाह गरिने क्षेत्रहरू |
|---|---|
| **क** | **खाद्य सुरक्षा तथा पोषण सुधार कार्यक्रम तर्फ** |
| १ | खाद्यान्न वालीको मुल वीउ उत्पादन कार्यक्रम |
| २ | खाद्यान्न वाली प्रवर्द्धन कार्यक्रम |
| ३ | खाद्य सुरक्षाको लागी उत्पादन विषेश कार्यक्रम |
| **ख** | **उत्पादन तथा उत्पादकत्व वृद्धि लक्षित कार्यक्रम तर्फ** |
| ४ | व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम |
| ५ | रोड कोरिडेर तरकारी उत्पादन कार्यक्रम |
| ६ | मसला वाली प्रवर्द्धन कार्यक्रम |
| ७ | व्यवसायिक फलफूल प्रवर्द्धन कार्यक्रम |
| ८ | व्यवसायिक मौरी प्रवर्द्धन कार्यक्रम |
| ९ | आय आर्जनका लागी च्याउ उत्पादन कार्यक्रम |
| १० | कृषि यान्त्रीकरण प्रवर्द्धन तथा हस्तान्तरण कार्यक्रम |
| ११ | विपन्न कृषक लक्षित आय आर्जन मुलक कार्यक्रम |
| **ग** | **कृषि पूर्वाधार लक्षित कार्यक्रम तर्फ** |
| १२ | कृषि साना सिंचाइ कार्यक्रम |
| १३ | कृषि जन्य वस्तु प्रशोधन निर्माण तथा संचालन कार्यक्रम |
| १४ | कृषि हाट बजार तथा कृषि उपज केन्द्र निर्माण तथा संन्चालन कार्यक्रम |
| १५ | सेलार स्टोर तथा रष्टिक स्टोर निर्माण तथा संचालन कार्यक्रम |
| १६ | कृषिमा आधारित साना उद्योग स्थापना तथा संचालन |
| **घ** | **कृषि सम्बन्धी अन्य विविध कार्यक्रमहरू** |
| १७ | कृषकको उत्पादन गाउँपालिकाको अनुदान तथा प्रोत्साहन कार्यक्रम |
| १८ | कृषि क्षेत्रमा युवा रोजगार कार्यक्रम |
| १९ | अध्यक्ष उत्कृष्ट पुरस्कार कार्यक्रम |
| २० | प्राङग्रारिक मल उत्पादन प्रवर्द्धन तथा जैविक विषादि निर्माण सामाग्री वितरण कार्यक्रम |
| २१ | आकास्मिक वाली उपचार सेवा तथा प्लान्ट क्लिनिक कार्यक्रम |
| २२ | कृषि पर्यटन क्षेत्र निर्माणमा पुष्प खेती प्रवर्द्धन कार्यक्रम |
| २३ | गाउँपालिका स्तरिय तालिम तथा घुम्ती तालिम कार्यक्रम |
| २४ | कृषक भ्रमण तथा कृषि मेला प्रर्दशनी संचालन तथा व्यवस्थापन |
| २५ | मिनि प्रयोगशाला निर्माण तथा माटो सुधारका लगी शिविर संचालन कार्यक्रम |

| | |
|---|---|
| २६ | दैविक प्रकोप राहत वितरण |
| २७ | कृषि वाली विमा अनुदान कार्यक्रम |
| २८ | ग्रामिन विद्युतीकरणमा कृषि मिटर कार्यक्रम |

**अनुसूची २**

**(दफा ३ को उपदफा २ संग सम्वन्धित)**

**........................................................कार्यक्रमको लागी प्रस्ताव आह्वानको सुचना**

**सुचना । सुचना ।। सुचना ।।।**

यस त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष.................................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ....................................................................... कार्यक्रममा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा त्रिवेणी गाउँपालिकाका कृषि व्यवसाय संग सम्वन्धीत ईच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, उद्यमी निजी र्फम बाट सूचना प्रथम पटक प्रकाशित भएको मितिले ...........दिन भित्र ............................तपशिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम सहित कृषि विकास शाखामा पेश गर्न हुन जानकारी गराईन्छ ।

**संलग्न हुनुपर्ने आवश्यक कागजातहरु :**

१. संस्था दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी
२. कृषि व्यवसाय गर्ने अनुसुची अनुसारको प्रस्तावना
३. निजी फर्म तथा सहकारीहरूको लागी गत आ.व.को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी
४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ले प्रमाण पत्रको प्रतिलिपी
५. प्रतिवद्धता पत्र
६. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरू

**अनुसूची ३**

**(दफा ३ को उपदफा २ संग सम्बन्धित)**

मिति :.........................

श्री कार्यालय प्रमुख ज्यू
त्रिवेणी गाउँपालिकाको कार्यालय
लुहाम सल्यान

विषय : अनुदान उपलब्ध गराइदिनुहुन ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ................................ मा प्रकाशित सूचना अनुसार सन्चालन हुने लागेको.............................................................. कार्यक्रममा अनुदान उपलब्ध गराउने कार्यक्रम अनुसारको प्रस्तावना थान ...... यसै साथ संलग्न गरिइको छ । व्यवसाय थप विस्तार गर्न आर्थिक सहयोग आवश्यक परेको हुँदा प्रोत्साहन अनुदान उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछौं/ छु ।

**निवेदक**

कृषक/कृषक समुह/कृषि सहकारी संस्था/
कृषि फार्म/अध्यक्ष/प्रतिनिधिको दस्तखत :
नाम थर :
पद :
सम्पर्क फोन नं. :
संस्थाको छाप :

## अनुसुची ४
## (दफा ९ बमोजिम )
## संम्झौता पत्र

त्रिवेणी गाउँपालिका कृषि विकाश शाखा लुहाम सल्यान मार्फत संन्चालन गरिने चालु आ.व..................को स्वीकृत ................................................कार्यक्रम संन्चालन गर्न त्रिवेणी गाउँपालिका, (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), मूल्याङ्कनको आधारमा छनौट भएका कृषक,उद्यमी कृषक, कृषि फर्म, कृषक समूह, सहकारी ..........................................(यस भन्दा पछाडि पहिलो पक्ष भनिने) विच तपिशलको शर्तहरूको अधिनमा रहि कार्यक्रम संन्चालन तथा सम्पन्न गर्न द्धिपक्षीय सम्झौता/सहमति भएको छ ।

**तपसिल :**

- पहिलो पक्षले दोश्रो पक्षलाई कार्ययोजना अनुसार ..................................... कार्यक्रम संन्चालन गर्नको लागी कृषि सामाग्री वा सोझै नगत बैंक खाता मार्फत अनुदान स्वरूप उपलब्ध गराउने छ ।
- गाउँपालिका बाट ........................................................................... लागि कुल लागतको ................प्रतिशत अनुदान रकम रू ..................... (.अक्षेरेपी .......................................रूपैयाँ मात्र) सेवा अनुदानग्राहिले रू ................(अक्षेरेपी ................ रूपैयाँ मात्र) थप गरी लागत सहभागितामा कार्यक्रम सन्चालन गर्नु पर्ने छ ।
- कार्ययोजना अनुसार कार्यक्रम र क्रियाकलापहरु तोकिएको अवधीमा सम्पन्न गर्नु दोश्रो पक्षको जिम्मेवारी हुनेछ ।
- पहिलो पक्षले दोश्रो पक्षलाई ............................................कार्यक्रम संचालनको लागि दिनुपर्ने अनुदान रकम संझौता अनुसारको कार्यसंपादन तथा फिल्ड भेरीफिकेशन भएपछि मात्र उपलब्ध गराउने छ ।
- पहिलो पक्षवाट तोकिएको प्राविधिक विषयवस्तुलाई दोश्रो पक्षले अनिवार्य रुपमा पालना गर्नुपर्ने छ ।
- पहिलो पक्षवाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाईएमा निजको सो रकम असुल उपरको लागि प्रचलित कानुन वमोजिम आवश्यक कारवाही गरिनेछ ।
- व्यवसायवाट उत्पादित बस्तुको बजार व्यवस्था दोश्रो पक्ष स्वंयमले नै गर्नु पर्नेछ ।
- पहिलो पक्षले नियमित रुपमा दोश्रो पक्षले गरेको कार्यक्रम सन्चालन गरे/नगरेको अनुगमन गर्नेछ ।
- यस संम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।

- दोस्रो पक्षले सम्झौता भयको मिति देखि .......दिन मिति...............................गते भित्र कार्य सम्पन गरिसक्नु पर्ने छ ।
- यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमेजिम हने छ ।

**पहिलो पक्षको तर्फबाट**

नाम :
पद :
दस्तखत :
मिति :
कार्यालयको छाप :

**दोश्रो पक्षको तर्फबाट**

नाम :
पद :
दस्तखत :
मिति :
छाप :

**शाखाको तर्फबाट**

नाम :
पद :
दस्तखत :

## अनुसुची ५

## प्रतिबद्धता पत्र

त्रिवेणी गाउँपालिका लुहाम सल्यानको मिति को सुचना अनुसार................................................ कार्यक्रममा सहभिगताको लागी इच्छुक भई ....................................................................... सोको व्यावसायिक योजना सहितको आवेदन पेश गरेको । उक्त पालिकामा छनौट भएमा व्यवसायिक योजनामा छनौट भए बमोजिमको कार्य गर्नेछु र छौ । व्यवसायिक/वर्ष सम्म निरन्तरता दिने छु ....... वर्ष अगाबै सो कार्यहरू बन्द गरेमा गाउँपालिका वाट प्राप्त ....... योजना अनुसारको कार्य नगरेमा वा अनुदान रकम प्रचलित कानुन बमोजिम ब्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछुछौ। / अन्यथा प्रचलित कानुन बमोजिम सहुला बुझाउला । साथै संचालित क्रियाकलापबाट वातावरणलाई

आबेदनको तर्फबाट
नाम :
पद :
सस्थांको नाम
ठेगाना :
सम्पर्क नः .
दस्तखत :
मिति : छाप :

| दायाँ | बायाँ |
| --- | --- |
| | |

# अनुसूची ६

## कृषि कार्य संन्चालनका लागि कृषकले पेश गरेका निबेदन फारमको मुल्यांकनका आधारहरु

| क स. | निबेदन फारम मुल्यांकन मापदण्ड | पुर्नांक | प्राप्तांक |
|---|---|---|---|
| १ | श्रोत साधनको स्थिति एबं सदुपयोग | १० | |
| २ | स्थानीय समुदायमा कार्य अनुभवको आदान प्रदान एबं योगदान | १५ | |
| ३ | उत्पादन स्थिति | २० | |
| ४ | सेवा तथा संस्थागत पहुच | ५ | |
| ५ | रोजगारी सृजनाको स्थिति | १० | |
| ६ | कृषी/पशुपालन व्यवसायमा लगानीको स्थिति | १० | |
| ७ | कृषि/पशुपालन व्यवसायवाट प्राप्त आम्दानीको स्थिती | १० | |
| ८ | कृषि प्राविधिक तथा शाखा संग सम्पर्क | १० | |
| ९ | प्राविधिक ज्ञान सिप बारे जानकारी एबं प्रयोग | १० | |

## कार्यक्रमहरू र खर्चको मापदण्ड

**(दफा ३ को उप दफा २ बमोजिम)**

| क्र.सं. | अनुदान प्रवाह गरिने विषयहरू |
|---|---|
| **क** | **खाद्य सुरक्षा तथा पोपण सुधार कार्यक्रमहरू** |
| १ | **क.कार्यक्रमको नाम : खाद्यान्न वालीको मुल वीउ उत्पादन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>१.विभिन्न वालीनालीको स्तरिय वीउ उत्पादन गरी कृषक समुह तथा सहकारीहरूको आम्दानी वृद्धि गरि पालिकालाइ आत्मा निर्भर गराउने ।<br>२.वैदिशक पलायनलाइ निरूत्साहित गरि स्थानिय रोजगार सृजना गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ वीउ उत्पादन गर्ने ।<br>➢ वीउ प्रशोधन उद्योगमा सहयेग गर्ने ।<br>➢ वीउ उत्पादनमा लागत न्यूनिकरणका लागी यान्त्रीकरण तथा आवश्यक सामाग्री सहयोग गर्ने । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ अधिकतम ५ लाख<br>➢ वीउ उत्पादन कार्यक्रम संचालन गर्ने कृषक समुह तथा सहकारीहरूलाइ मुल वीउ खरिख, वीउ प्याकेजिङ्ग वोरी, सिडवीन भकारी, अन्य मेसिनरी खरिदमा समुह/सहकारी भएमा ७० प्रतिशत र निजी फर्मलाइ ५० प्रतिशत अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ तोकिय अनुसारको गुणस्तरिय वीउ उत्पादन भएको हुनु पर्ने ।<br>➢ वैद्यानिक रूपमा वीउ उत्पादन गर्ने भनि दर्ता भएको हुनु पर्ने ।<br>➢ वीउ उत्पादन सम्वन्धी प्राविधिक ज्ञान भएको हुनु पर्ने ।<br>➢ वीउ प्रशोधनको लागी भवन भएको हुनु पर्ने ।<br>➢ लेवलिङ्ग प्याकेजिङ्ग र ट्यागिङ्ग गरिएको हुनु पर्ने ।<br>➢ खाद्यान्न वालीको सन्दर्भमा न्युनतम २ हेक्टर क्षेत्रफल हुन पर्ने । |
| २ | **क.कार्यक्रमको नाम : खाद्यान्न वाली प्रवर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ प्रमुख खाद्यान्न वालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।<br>➢ निर्वाहमुखी कृषि लाइ साना व्यावसायिक कृषक उद्यमीको रूपमा विकास गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ खाद्यान्न वालीको क्षेत्र विस्तार गर्ने । |

| | |
|---|---|
| | ➢ उन्नत कृषि प्रविधि (मल,वीउ र वाली संरक्षण सामाग्री) को प्रयोग । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ वीउ,प्राङगारिक मल तथा अन्य आवश्यक सामाग्रीमा कृषक समुह तथा सहकारीहरूलाइ ७० प्रतिशत अनुदान व्यक्तिगत कृषकलाइ ५० प्रतिशत अनुदान । |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ समुह सहकारीको लागी २.५ हेक्टर र व्यक्तिगत कृषकको लागी न्यूनतम २ रोपनी हुनु पर्ने ।<br>➢ समुह सहकारीको हकमा एउटै कलष्टरको र पकेट स्थापना गरेको हुनु पर्ने । |
| ३ | **क.कार्यक्रमको नाम : खाद्य सुरक्षाको लागी उत्पादन विषेश कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ खाद्य सुरक्षामा प्रतिकुल प्रभाव पर्न नदिन बाँजो जग्गा, खेर गएको जमिनको समुचित गरी कृषकको उत्पादन र आयआर्जन बढाई खाद्य सुरक्षामा टेवा पुर्याउने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ खाद्यान्न, नगदे, तरकारी, फलफूल मसला लगायतको खेती कार्य संचालन गर्ने ।<br>➢ जग्गा भाडामा वा काारमा लिई व्यावसयिक रूपमा खेती प्रवर्द्धन गर्ने ।<br>➢ प्लाष्टिक घर निर्माण गरी तरकारी खेती संचालन गर्ने । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ अधिकतम ५ लाख वरावर अनुदान दिने । |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ कार्यक्रम संचालनको लागी प्रस्तावित कार्यक्रमको प्रस्तावना हुनु पर्ने ।<br>➢ जमिन वाँजो , सरकारी वा निजी प्रमाण खुल्ने आधिकारिक प्रमाण ।<br>➢ करारमा भए करार सम्झौता पत्र । |
| **ख** | **उत्पादन तथा उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरू** |
| ४ | **क.कार्यक्रमको नाम : व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ कृषकलाई कृषि व्यवसायिकरण तर्फ आकर्षित गर्ने ।<br>➢ उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।<br>➢ तरकारी उत्पादनमा वृद्धि गरी आयत हुने तरकारीलाइ प्रतिस्थापन गर्ने ।<br>➢ रोजगार सृजना गरी गरिवी निवारणमा टेवा पुर्याउने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :** |

| | |
|---|---|
| | ➢ व्यवसायिक रूपमा तरकारी खेती संचालन गर्ने कृषकहरूलाई तरकारी वीउ,मल,मल्चिङ प्लाष्टिक,अस्थायी तथा स्थायी प्लाष्टिक टनेल निर्माण साथै अन्य आवश्यक सामाग्री खरिदको लागी अनुदान दिने । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ तरकारी वीउ, मल, कृषि मेशनरी कृषि विकास शाखा मार्फद खरिद गरी ५० प्रतिशत प्लाष्टिक सिट ७० प्रतिशत अनुदानमा कृषकलाइ उपलब्ध गराउने वा खरिदको लागी ५० प्रतिशत अनुदान दिने ।<br>➢ स्थायी प्लाष्टिक टनेल निर्माणको लागी कार्यक्रम लागत ईष्टिमेट अनुसार ७० प्रतिशत अनुदान र अधिकतम २ लाख अनुदान प्रति टनेल । |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ तरकारी खेती सम्बन्धी व्यावसायिक कार्य योजना भएको हुनु पर्ने ।<br>➢ न्यूनतम २ रोपनी क्षेत्रफलमा तरकारी खेति संचालन गरेके  हुनु पर्ने । |
| ५ | **क.कार्यक्रमको नाम : रोड कोरिडोर तरकारी उत्पादन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ मुख्य तथा सहयक राजमार्ग आसपासमा कलष्टर निर्माण गरी तरकारी संग सम्वन्धीत विभिन्न क्रियाकलापहर (प्लाष्टिक टनेल, सिचाइ, तरकारी वीउ,मल तथा मिशनरी खरिद) संचालन गर्ने ।<br>➢ वाली सघनता वृद्धिबाट उत्पादकत्व विद्ध गरि बढी भन्दा वढी आयआर्जन सृजना गरि रोजगार सृजना गर्ने ।<br>➢ गुणस्तर वस्तु उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय वजार संग प्रतिस्पर्धा गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ अस्थायी तथा नर्सरी तथा ग्रीन नेटमा आधारित स्थायी प्लाष्टिक घर निर्माण गर्ने ।<br>➢ वीउ,मल,थोपा सिंचाइ,मोटरवाट लिप्ट सिंचाई, मल्चिङ प्लाष्टिक व्यवस्थापन गर्ने ।<br>➢ प्राविधिक सेवा तथा तालिम संचालन । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ माथी उल्लेखित सामाग्रीहरूका लागी ७० प्रतिशत अनुदान र समुह,सहकारीहरूलाई अधिकतम ५ लाख सम्म कृषि फर्मलाई अधिकतम २ लाख प्रति कार्यक्रम ।<br>➢ प्राविधिक सेवा तथा तालिन शत प्रतिशत अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ आप्नो जग्गा वा कम्तीमा १० वर्ष लिजमा लिएको जग्गाको विवरण हुनु पर्ने ।<br>➢ न्यूनतम ५ रोपनी क्षेत्रफलमा व्यवसायिक रूपमा तरकारी खेती संचालन हुनु पर्ने । |
| ६ | **क.कार्यक्रमको नाम : नगदे तथा मसला वाली प्रवर्द्धन कार्यक्रम** |

| | |
|---|---|
| | **ख.उद्देश्य :**<br>➢ नगदे वाली को उत्पादनमा वृद्धि गरी आय आर्जनको श्रोत स्थापना गर्ने ।<br>➢ कृषकलाइ व्यवसायिक वनाउने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ नगदे वाली (प्याज, लसुन, अदुवा, वेसार, अलैची, टिमुर, कफी) को क्षेत्र विस्तार गर्ने<br>➢ उत्पादन तथा प्रशेधन केन्द्र निर्माण तथा संचालन गर्ने । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ ५० र ७० प्रतिशत अनुदान र अधिकतम कृषि फर्मलाइ ५० हजार तथा समुह/सहकारीहरूको लागी अधिकतम ५ लाख सम्म अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ फर्मको हकमा न्यूनतम ५ रोपनी र समुह सहकारीको लागी न्यूनतम ५ हेक्टर एउटै कलस्टर भित्र पर्ने जग्गा हुनु पर्ने ।<br>➢ प्रशोधन केन्द्र निर्माणका लागी व्यवसायिक रूपमा खेति संचालन गरी संवन्धीत निकायमा उद्योग दर्ता भएको हुनु पर्ने । |
| ७ | **क.कार्यक्रमको नाम : व्यवसायिक फलफूल प्रवर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ सघन फलफूल मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।<br>➢ व्यवसायिक फलफूलको क्षेत्र विस्तार गर्ने ।<br>➢ आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ फलफूल खेतीको क्षेत्र विस्तार<br>➢ नमुना वगैचा स्थापना<br>➢ सघन फलफूल वगैचा व्यवस्थापन<br>➢ फलफूल खेतीमा अनुदान(विरूवामा अनुदान,वगैचा वार वन्देजमा अनुदान, मेशिनरी उपकरणमा अनुदान, प्लाष्टिक पोखरी, सिमेन्ट पोखरी निर्माणमा अनुदान) |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ क्षेत्र विस्तार कार्यक्रमको लागी फलफूलको विरूवामा ५० प्रतिशत अनुदान तथा अन्य कार्यक्रमको लागी कृषि फर्म/कृषक समुह/सहकारीहरुको लागी ७० प्रतिशत अनुदान र अधिकतम २ लाख ५० हजार सम्म अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ न्यूनतम ५ रोपनी क्षेत्रफल भएको<br>➢ जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोक खुल्ने प्रमाणपत्रको प्रतिलिपी |

| | |
|---|---|
| ८ | **क.कार्यक्रमको नाम : व्यवसायिक मोरी प्रवर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ गुणस्तर मह उत्पादन गरी आयआर्जनको श्रोत स्थापना गर्ने ।<br>➢ रोजगार श्रृजना तथा गरिवी न्यनिकरण मा जोड दिने ।<br>➢ मह उत्पदानमा गाउँपालिकालाइ आत्मा निर्भर वनाउने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ मौरी को क्षेत्र विस्तार गर्ने<br>➢ आधुनिक मौरी घार तथा अन्य आवश्यक सामाग्री हस्तान्तरण गर्ने । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ अधिकतम ७० प्रतिशत अनुदानमा मौरी घार, महदानी, आधार चाका लगायत आवश्यक सामाग्रीहरू उपलब्ध गराउने वा सामाग्री व्यवस्थापनमा अनुदान र अधिकतम १ लाख सम्म अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ मुढेघारमा मौरी पालन गरेको हुनु पर्ने ।<br>➢ मौरी पालनको लागी चरण क्षेत्र भएको हुनु पर्ने ।<br>➢ अन्य मेशिनरी सामाग्रीको लागी व्यवसायिक रूपमा मौरी पालन गरेको हुनु पर्ने । |
| ९ | **क.कार्यक्रमको नाम : आय आर्जनका लागी च्याउ उत्पादन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ स्थानिय स्थरमा रोजगार सृजना गरी आय आर्जनको श्रोत स्थापना गर्ने ।<br>➢ च्याउ उत्पादनबाट पोषण सुधान गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ कृषि विकास शाखावाट च्याउको विउ कृषकलाइ उपलब्ध गराउने ।<br>➢ व्यवसायिक च्याउ उत्पादनको लागी प्लाष्टिक घर निर्माण, गोव्रे च्याउको कम्पोष्ट निर्माण सामाग्री व्यवस्थापन, सिताके च्याउको लागी मुडा तथा टहरो व्यवस्थापनमा अनुदान दिने । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ कुल लागतको ७० प्रतिशत अनुदानमा च्याउको विउ कृषकलाइ उपलब्ध गराउने ।<br>➢ व्यवसायिक रूपममा सवै प्रकारका च्याउ उत्पादनको लागी ७० प्रतिशत अनुदान र अधिकतम १ लाख सम्म अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ व्यवसायिक रुपमा च्याउ खेती सन्चालनको लागी व्यावसायिक च्याउ उत्पादन सम्वन्धी कार्ययोजना । |

| | |
|---|---|
| १० | **क.कार्यक्रमको नाम : कृषि यान्त्रीकरण प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ कृषि यन्त्र तथा औजर उपकरणको प्रयोगबाट लागत खर्च कम गरी प्रतिस्पर्धी वनाउने<br>➢ मानव श्रममा आधारित कृषिलाइ क्रमश रुपान्तरण गर्दै लैजाने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ कृषि क्षेत्रमा प्रयोग हुने सम्पूर्ण मेशिनरी औजर उपकरणहरू ( पावर टिलर, मिनि टिलर, वाटर पम्प, मल्टिपल थ्रेसर,पैडल थ्रेसर,कम्वाइन मिल, सिकेचर, आरी, विभिन्न स्पेयरहरू, ल्याडर, लगायत अन्य उपकरणहरू । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ सम्पूर्ण मेशिनरी सामाग्रीहरूमा अधिकतम ५० प्रतिशत अनुदान, समुह तथा सहकारीहरूको लागी ठुला मेसिन खरिदमा ७० प्रतिशत सम्म अनुदान दिने । |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ व्यवसायिक कृषकहरू, पकेट क्षेत्र, कृषक समुह तथा सहकारीहरूमा आवद्ध कृषकहरूलाइ प्राथमिकता दिने ।<br>➢ आधिकारीक सप्लायर्सवाट आपूर्ति तथा वारेण्टी भएको हुनु पर्ने ।<br>➢ कम्तिमा ५ वर्ष सम्म निरन्तर रूपमा मेसिन प्रयोग भएके हुनुपर्ने छ ।<br>➢ समुह तथा सहकारीले सहुलेतको मेसिन प्रयोग गर्दा पालिकाको दररेट अनुसार सेवा सुल्क लिनुपर्ने छ । |
| ११ | **क.कार्यक्रमको नाम : विपन्न कृषक लक्षित आय आर्जन मुलक कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ अति विपन्न, विपन्न, दलित कृषकको पहिचान गरी कृषि क्षेत्रको माध्यमवाट आय आर्जन वृद्धि गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ विभिन्न सिपमुलक तालिमहरू संचालन गर्ने ।<br>➢ फलफूल खेती, तरकारी खेती, खाद्यान्न वाली वीउ उत्पादन, मैरी तथा च्याउ खेती,मसला वाली खेति, अलैची, टिमुर लगायत अन्य खेती संचालन तथा प्रवर्द्धन व्यवस्थापन कार्य संचालन गर्ने । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ शत् प्रतिशत अनुदानमा (अधिकतम ५ लाख सम्म) |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ वर्षमा ३ महिना सम्म खाना पुग्ने अवस्थामा भएका लक्षित वर्ग तथा समुदाय हुनु पर्ने |

| | |
|---|---|
| | ➢ अति विपन्न तथा दलित समुदाय भएके गाउँ तथा टोल हुनु पर्ने ।<br>➢ कम्तिमा पनि २५ घरधुरी हुनुपर्ने ।<br>➢ स्थानिय संम्भाव्यता अवश्यकताको आधारमा जनप्रतिनिधि र सेवा ग्राहीको सकृय सहभागितामा योजना तर्जुमा समन्वय र संचालन समिति गठन तथा कृषक समुह मार्फत कार्यक्रम संचालन गर्ने । |
| **ग** | **कृषि पूर्वाधार लक्षित कार्यक्रमहरु** |
| १२ | **क.कार्यक्रमको नाम : कृषि साना सिंचाई कार्यक्रम** |
| | **ख. उद्देश्य :**<br>➢ सतह तथा भुमिगत सिंचाई सुविधा विस्तार गरी उत्पादन वृद्धि गर्ने ।<br>➢ नयाँ सिचाइ प्रविधि प्रयोग गरी पानीको प्रभाबकारिता विस्तार गर्ने ।<br>➢ विभिन्न सिचाई आयोजनाहरूको मर्मत संभार गर्ने । |
| | **ग. प्रमुख क्रियाकलापहरू :**<br>➢ सतह तथा भुमिगत सिंचाइ आयोजना निर्माण<br>➢ नयाँ प्रविधि (प्लाष्टिक पोखरी, सिमेन्ट पोखरी, स्पिङकलर,थोपा सिचाई, लिप्ट सिंचाई, सोलार सिंचाई आदि ) मा आधारित योजना निर्माण<br>➢ सिंचाई आयोजना मर्मत संभार |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ वढीमा ८५ प्रतिशत अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ सम्वन्धीत कृषक समुह/सहकारी तथा उपभोत्ता समितिको आयोजना माग सम्वन्धि निर्णय<br>➢ सम्वन्धित प्राविधिकको डिजाइन सहितको लागत स्टिमेट<br>➢ सम्वन्धित वडा पालिकाको सिफारिस पत्र । |
| १३ | **क.कार्यक्रमको नाम : कृषि जन्य वस्तु प्रशोधन निर्माण तथा संचालन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ कृषि जन्य वस्तुको प्रारम्भिक प्रशोधन गरी उत्पादन विविधिकरण गर्ने ।<br>➢ मूल्य अभिवृद्धि तथा वजारीकणर मार्फत कृषकको आय स्तरमा वृद्धि गर्ने ।<br>➢ व्यवसायिकरण र आय आर्जका दृष्टिले सम्भावना भएका वाली वस्तुको निकासी प्रवर्द्धन गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ मेशिनरी उपकरणहरु अनुदान<br>➢ प्याकेजिङ्ग सामाग्री तथा प्याकेजिङ्ग कार्य सन्चालन |

| | |
|---|---|
| | ➢ प्रशोधन केन्द परिसरमा सन्चय घर तथा टहरा निर्माण |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ मेशिनरी उपकरण तथा प्याकेजिङ्ग सामाग्रीमा अधिकतम ५० प्रतिशत अनुदान<br>➢ प्रशोधन केन्द्र तथा टहरा निर्माणमा अधिकतम ७० प्रतिशत अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ व्यावसायिक योजना<br>➢ व्यावसायिक दर्ता प्रमाण पत्र प्यान वा भ्याट दर्ता |
| १४ | **क.कार्यक्रमको नाम : कृषि हाट वजार तथा कृषि उपज संकलन केद्र निर्माण तथा संचालन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ कृषि उपजको वजारीकरणमा सहजीकरण गर्ने ।<br>➢ कृषि बजार संग कृषि उत्पादन पकेट क्षेत्रको सम्वन्ध स्थापित गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ कृषि उपज विक्री वितरणको लागी भवन/टहरो निर्माण तथा मर्मत संभार<br>➢ कृषि संकलन केन्द्र संचालनमा आवश्यक सामाग्री व्यवस्थापन<br>➢ कम्पाउण्ड वाल तारवार निर्माण कार्य संचालन<br>➢ कार्यालय संचालन कक्ष भण्डारण स्थल तथा खानेपानी र शौचालय निर्माण |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ अधिकतम सीमा ८५ प्रतिशत अनुदान र अधिकतम ५ लाख सम्म अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ कृषक समुह तथा सहकारी मार्फत कार्यक्रम संचालन हुने ।<br>➢ संकलन केन्द्रको हकमा औचित्य, संम्भाव्यता, संक्षिप्त डिजाइन तथा जग्गाको स्वामित्व लाभग्राही सम्वन्धी जानकारी । |
| १५ | **क.कार्यक्रमको नाम : सेलार स्टोर तथा रस्टिक स्टोर निर्माण तथा संचालन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ कृषि उपजको भण्डारण गर्ने ।<br>➢ भण्डारण समय वृद्धि गरी कृषिजन्य वस्तुको उचित मुल्यमा विक्रि वितरण गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ सेलार स्टेर तथा रस्टिक स्टोर निर्माण |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ कृषक समुह तथा सहकारीहरूमा ७० प्रतिशत अनुदान र अधिकतम १० लाख सम्म अनुदान<br>➢ निजी फर्मलाइ ५० प्रतिशत अनुदान र अधिकतम ५ लाख सम्म अनुदान |

| | |
|---|---|
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ उत्पादन पकेट क्षेत्र वा बजार क्षेत्र वा पायक पर्ने उपयुक्त स्थान<br>➢ प्रमाणित तथा स्वीकृत विस्तृत डिजाइन र लागत इष्टिमेट<br>➢ सम्वन्धित वडाको सिफारिस पत्र |
| १६ | **क.कार्यक्रमको नाम : कृषिमा आधारित साना उद्योग स्थापना तथा  संचालन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ कृषिमा आधारित साना उद्योगको विकास मार्फत मूल्य श्रृंखला विकास गरी दागो रुपमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।<br>➢ स्थानिय रोजगार सृजना तथा प्रशोधित वस्तुको विक्रि वितरण वाट आय आर्जनमा वृद्धि गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ उद्योग स्थापनामा मेशिनमा सहयोग<br>➢ कच्चा पदार्थको उत्पादनमा वृद्धि गर्ने<br>➢ लेवलिङ्ग र प्याकेजिङ्गमा सहयोग<br>➢ कच्चा तथा प्रशोधित वस्तु भण्डारणको गोदाम घर निर्माणमा सहयोग |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ वुंदा नं ग मा उल्खित सामाग्रीमा कृषक समुह सहकारीहरुमा ७० प्रतिशत अनुदान र निजी फम भएमा ५० प्रतिशत अनुदान र प्रति उद्योग अधिकतम १५ लाख सम्म अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ उद्योग घर निर्माण भएको हुनुपर्ने ।<br>➢ आफ्नो जग्गा वा कम्तिमा १० वर्ष लिजमा लगेको जग्गाको विवरण हुनुपर्ने ।<br>➢ प्राविधिक दृष्टिकोणले दक्ष कामदारको सुनिश्चत भएको हुनु पर्ने ।<br>➢ वजारिकरणकेत्त अग्रीम सम्झौता भएको हुनु पर्ने ।<br>➢ कम्तिमा २ रोपनी क्षेत्रफलमा संचालन हुनु पर्ने । |
| **घ** | **कृषि सम्बन्धी अन्य विविध कार्यक्रमहरू** |
| १७ | **क.कार्यक्रमको नाम : कृषकको उत्पादन गाउँपालिकाको अनुदान तथा प्रोत्साहन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ कृषकलाई कृषि व्यवसायमा लाग्न प्रोत्साहन गर्ने ।<br>➢ व्यवसायिक कृषकहरूमा सकारात्मक प्रतिस्पर्धाको वातावरण सृजना गरी उत्पादन वृद्धि गर्ने ।<br>➢ स्थानिय रोजगार सृजना गर्न कृषकलाइ उत्प्रेरित गर्ने । |

| | |
|---|---|
| | ➢ कृषि जन्य बस्तुकोबजारीकरण गरि कृषकहरुलाई प्रति इकाई उत्पादनको अनुदान प्रादान गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ खती (खाद्यान्न वाली वीउ उत्पादन, तरकारी, फलफूल, नगदेवली रैथाने वाली वस्नु)<br>➢ उत्पादन गरे वापत प्रोत्साहन अनुदान उपलब्ध गराउने । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :** |

| वाली वस्तु | न्यूनतम क्षेत्रफल र संख्या | प्रोत्साहन अनुदान रकम | कैफियत |
|---|---|---|---|
| तरकारी प्याज समेत | न्यूनतम ५ रोपनी वा ५ वटा प्लाष्टिक घर | ५ हजार | ५ रोपनी भन्दा वढी भएमा प्रति रोपनी रू.१०००।० का दरले वढिमा १५,०००।० सम्म |
| फलफूल | सुन्तला जात फलफूल १०० फल्ने विरूवा र आँप,केरा,अनार,किवी,ड्रयागन फूटको हकमा कम्तीमा ५ रोपनी क्षेत्रफल | ५ हजार | ५ रोपनी भन्दा वढी भएमा प्रति रोपनी रू.१०००।० का दरले वढिमा १५,०००।० सम्म |
| मसला वाली (अदुवा, वेसार, लसुन, प्याज, अलैची, खुर्सानी) | ५ रोपनी | रू.५०००।० | ५ रोपनी भन्दा वढी भएमा प्रति रोपनी रू. १०००।० का दरले वढीमा १५,०००।० सम्म |
| खाद्यान्न वालीको वीउ उत्पादन (धान,मकै,गहूँ) | ५ रोपनी | रू.५०००।० | ५ रोपनी भन्दा वढी भएमा प्रति रोपनी ५००।० का दरले वढीमा १५,००० सम्म |

| | |
|---|---|
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ उत्पादनमा आधारित अनुदानका लागी गतवर्षको आधिकारिक विक्रिवितरणको उत्पादन रेकर्ड ।<br>➢ संस्थागत हकमा संस्था दर्ता प्रमाण पत्र तथा उत्पादन रेकर्ड<br>➢ प्रोत्साहन अनुदान प्राप्तको लागी अन्य कुनैपनि कार्यक्रमबाट सेवा प्राप्त नगरेकालाई उपलब्ध गराईने । |
| १८ | **क.कार्यक्रमको नाम : अध्यक्ष उत्कृष्ट पुरस्कार कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ कृषि क्षेत्रलाइ उत्पादन, आम्दानी र रोजगारको माध्यमवाट आकर्षक क्षेत्रका रुपमा |

| | |
|---|---|
| | विकास गर्न ।<br>➢ उत्कृष्ट काम गरेका उद्यमी कृषकहरुलाइ कदर गर्दै कृषि पेशालाइ आकर्षित र सम्मानित गराउन । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ नगत पुरस्कार प्रमाण पत्र वितरण<br>➢ कृषक सम्मान कार्यक्रम |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ गाउँपालिका भरिका ६ जना कृषकलाइ प्रति कृषक २५ हजार पुरस्कार रासी र प्रमाण पत्र<br>➢ गाउँपालिकामा १ वटा कृषि सम्बन्धी कार्यक्रम संचालन गर्ने सहकारी अधिकतम ५० हजार नगत सहित प्रमाण पत्र |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ कार्यक्रममा सहभारी कृषकको तरकारीको हकमा ५ रोपनी वा ५ वटा प्लाष्टिक टनेल सधन फलफूलकोलागी ५ रोपनी क्षेत्रफल र खाद्यन्न वाली तथा नगदे वलीको लागी ५ रोपनी क्षेत्रफल हुनु पर्ने ।<br>➢ उन्नत तथा सुधारिएको खेती प्रविधि अवलम्वन गरेको हुनुपर्ने ।<br>➢ एक पटक पुरस्कृत भएका कषकले पुन सहभागी हुन पाउने छैन । |
| १९ | **क.कार्यक्रमको नाम : प्राङगारिक मल उत्पादन पवर्द्धन तथा जैविक विषादी निर्माण सामाग्री वितरण कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ प्राङगारिक मल स्थानिय स्तरमा उत्पादन गराई प्राङगारिक खेती प्रवर्द्धन गर्ने ।<br>➢ रासायनिक मल तथा विषादी विस्तापित गर्दै आर्गनिक खेती प्रणाली स्थापना गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ हरेक गोठमा प्राङगारिक मलको श्रोत अभियान<br>➢ गाठ सुधार, गोठेमल सुधार<br>➢ गड्यौले मल, कम्पोष्ट मल, जैविक विषादी निर्माण |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ गोठ सुधार, गोठेमल सुधार, कम्पोष्ट मल निर्माणको लागी अधिकतम १० हजार सम्म अनुदान<br>➢ गड्यौले मल (भर्मि कम्पोष्ट मल) निर्माणको लागी अधिकतम २५ हजार सम्म अनुदान<br>➢ जैविक विषादी निर्माण सामाग्रीको लागी समुह सहकारीलाइ अधिकतम ५० हजार सम्म अनुदान |

| | |
|---|---|
| | ➢ अधिकतम ७० देखी ८५ प्रतिशत सम्म अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ निर्धारित गरिएको डिजाइन र स्टीमेट अनुसार कार्यक्रम संचालन हुनुपर्ने ।<br>➢ एउटै कलष्टर भएको क्षेत्र कम्तिमा २५ जना हुनुपर्ने ।<br>➢ कम्तीमा २ वटा ठुला पशु पालन गरेको हुनु पर्ने । |
| २० | **क.कार्यक्रमको नाम : आकास्मिक वाली उपचार सेवा तथा प्लान्ट क्लिनिक कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ कृषकको वालीनालीमा लागेका रोग किरा तथा अन्य समस्याको सहि पहिचान गरी समय मै उपयुक्त व्यवस्थापनका उपायहरु वारे सल्लाह प्रदान गर्ने ।<br>➢ तत्काल वाली उपचार सेवा प्रदान गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ तत्काल वाली उपचारको लागी विषादी वितरण गर्ने ।<br>➢ नियमित वाली उपचार शिविर संचालन ।<br>➢ घुम्ति वाली उपचार शिविर संचालन । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ कार्यालयवाट आकास्मिक वाली उपचारको लागी निशुल्क रासायनिक तथा जैविक विषादी वितरण गरिने ।<br>➢ रोग तथा किरा ग्रस्थ क्षेत्रमा वाली उपचार शिविरको लागी विषादी खरिद,प्रचार प्रसार,प्राविधिक खर्च लगायत अन्य आवश्यक सामाग्री खरिद गरी शिविर संचालनको गारी प्रति शिविर ५० हजार सम्म खर्च गर्न सकिने र कृषकलाई निशुल्क उपचार शिविर संचालन गर्ने । |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ वाली उपचार शिविर १ दिनको हुने छ ।<br>➢ वाली उपचार शिविर रोग किरा ग्रस्थ क्षेत्रमा आवश्यकतानुसार संचालन गरिने छ ।<br>➢ शाखाबाट निशुल्क विषादी लिनको लागी रोगी वोट विरुवा ल्याइ प्राविधिकवाट चेकजाँजको शिफारिसको आधारमा उपलब्ध गराइने छ । |
| २१ | **क.कार्यक्रमको नाम : कृषि पर्यटकिय क्षेत्र निर्माणमा पुष्प खेती प्रवर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ पुष्प खेती प्रवर्द्धन गरी कृषि पर्यटनको विकास मार्फत आयआर्जनमा विकास गरि ग्रामिण अर्थतन्त्रमा टेवा पुर्याउने ।<br>➢ पुष्प खेतिको विकास गरी वातावरण मैत्री खेती प्रवर्द्धन गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :** |

| | |
|---|---|
| | ➢ पुष्प खेतीको लागी स्थायी प्लाष्टिक घर निर्माण गर्ने ।<br>➢ सिजन अनुसार पुष्प नर्सरी निर्माण गर्ने ।<br>➢ गमला लगायत अन्य आवश्यक सामाग्री तथा मेशिनरी उपकरणहरु खरिद गर्ने ।<br>➢ पुष्पखेतीमा प्रयोग हुने मलखाद व्यवस्थापन गर्ने । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ कृषक समुह सहकारी तथा फर्महरुमा ७० प्रतिशत अनुदान र अधिकतम ५ लाख सम्म अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ कम्तिमा १ रोपनी क्षेत्रफलमा प्लाष्टिक घर सहित ग्रीन नेटमा पुष्पखेती गर्न लाइ शुनिश्चत भएको हुनु पर्ने ।<br>➢ उपयुक्त सिंचाइ प्रणालीको व्यवस्था भएको हुनुपर्ने ।<br>➢ प्राविधिक रुपले दक्ष कामदारको सुनिश्चत भएको हुनुपर्ने ।<br>➢ व्यवसायिक रुपमा कृषि फर्म दर्ता भएको हुनुपर्ने । |
| २२ | **क.कार्यक्रमको नाम : कृषि मिनि ल्याव निर्माण तथा माटो सुधार शिविर संचालन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ माटोको मिनि ल्याव संचालन मार्फत माटोको गुनस्तर सुधार गरी वालीनालीको उत्पादन बढाउने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ कृषि मिनि ल्याव संचालनको निर्माणलागी आवश्यक पर्ने मेशिनरी सामाग्री तथा अन्य आवश्यक सामाग्री खरिद गर्ने ।<br>➢ मिनिल्याव संचालनको लागी फर्निचर निर्माण तथा भवन निर्माण गर्ने ।<br>➢ आवश्यकतानुसार विभिन्न वडाहरुमा १ दिने माटो शिविर संचालन गर्ने । |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ माटोको मिनिल्याव स्थापना गर्न अधिकतम १० लाख सम्म र माटो शिविर संचालनको लागी अधिकतम ५० हजार सम्म खर्च गर्न सकिने छ । |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ आवश्यकतानुसार सवै वडाहरुमा माटो शिविर संचालन गर्ने । |
| २३ | **क.कार्यक्रमको नाम : दैविक प्रकोप राहत वितरण कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ असिना,वाढी पहिरो, चटयाङ, सुख्खा, आगजनी तथा रोग किरा जस्ता प्राकृतिक श्रोतवाट भएको क्षतीमा राहत उपलब्ध गराउने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :** |

| | |
|---|---|
| | ➢ सम्पूर्ण वालीनालीको व्यवसायिक खेतीमा भएको क्षतिमा राहत वितरण |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ त्रिवेणी गाउँपालिकाको आर्थिक कार्यविधी अनुसार क्षति मुल्याङ्कन गरी राहत उपलब्ध गराउने । |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ स्थानिय तहका जनप्रतिनिधीको रोवहरमा मुचुल्का प्रतिवेदन<br>➢ सम्वन्धीत प्राविधिकको अनुगमन प्रतिवेदन<br>➢ सकेसम्म वालीनालीको विमा भएको हुनुपर्ने ।<br>➢ सम्बन्धीत वडाको सिफारिस पत्र ।<br>➢ तरकारी तथा फलफूलको हकमा कम्तिमा २ रोपनी क्षेत्रफल हुनुपर्ने । |
| २५ | **क.कार्यक्रमको नाम : कृषक भ्रमण तथा मेला प्रर्दशनी संचालन तथा व्यवस्थापन कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ कृषक तथा प्रविधिकहरुलाइ उन्नत प्रविधिवारे अवलोकन गराई नयाँ प्रविधि अबलम्वन गर्न र सिक्न अवसर प्रदान गर्ने ।<br>➢ कृषकले देखेपछी विश्वास बढ्छ भन्ने सिद्धान्तमा आधारित मेला प्रर्दशनिमा कृषकले उत्पादित वाली वस्तुको प्रदर्शन गराउने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ अन्तर जिल्ला, अन्तर समुह, अन्तर सहकारी भ्रमण<br>➢ प्रविधि प्रदर्शन<br>➢ सहभागिता<br>➢ कृषि वजारिकरण वजार प्रवर्द्धन |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ अन्तर जिल्ला भ्रमणको लागी अधिकतम ५ लाख सम्म खर्च गर्न सकिने र जिल्ला भित्र समुह सहकारी हरूको लागी वढीमा १ लाख सम्म खर्च गर्न सकिने ।<br>➢ मेला प्रदर्शनको लागी समुह सहकारी हरुलाइ एक लाख सम्म अनुदान<br>➢ पालिकाले आफै संचालन गर्दा अधिकतम खर्च ५(पाँच) लाख सम्म |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ अन्तर जिल्ला भ्रमण वढीमा ७ दिन र अन्तर समुह सहकारी भ्रमण वढीमा ३ दिन सम्म ।<br>➢ गाडी भाडाको लागी जिल्ला दररेट अनुसार तथा स्थानिय यातायात समितिको दररेट अनुसार खर्च गरिने ।<br>➢ मेला प्रदर्शनी संचालनको लागी आधिकारिक निकायको अनुरोध पत्र । |

| | |
|---|---|
| २६ | **क.कार्यक्रमको नाम : गाउँपालिका स्तरिय तालिम तथा घुम्ति तालिम संचालन कार्यक्रम** |
| | सवै प्रकारका तालिम, गोष्टि, सिमनारहरू त्रिवेणी गाउँपालिकाको तालिम संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ अनुसार संचालन गरिने छ । |
| | **क.कार्यक्रमको नाम** : दिवस, सप्ताह, शिविर कार्यक्रम |
| | **ख.उद्देश्य :**<br>➢ खाद्य उत्पादान तथा खाद्यको पहुच वढाउन हौसला प्रदान गर्दै भोकमारी र कुपोषण अन्य गर्न जनचेतना प्रदान गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ विश्व खाद्य दिवश, धान दिवश, सहकारी दिवश, वातावरण दिवश, माटो दिवश, विषादी सप्ताह, विषादी प्रयोग र वातावरण संरक्षण<br>➢ निवन्ध प्रतियोगिता, विभिन्न र्याली, पुरस्कार तथा कार्याक्रिम व्यवस्थापन |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ अधिकतम प्रति दिवश संचालन गर्न अधिकतम ५० हजार सम्म खर्च गर्न सकिने । |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ काम सम्पन्न भएको रिपोट |
| २७ | **क.कार्यक्रमको नाम : कृषि सुचना प्रवाह कार्यक्रम** |
| | **ख.उद्देश्य :**<br>➢ कार्यालयवाट सम्पादित प्रमुख क्रियाकलापहरू, उत्प्ररणा जगाउने सन्देश मुलक अडियो भिडियोहरू , प्रविधिहरूको प्रकाशन र प्रसारण गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू :**<br>➢ सुचना प्रकाशन<br>➢ विभिन्न सन्देश मुलक वुकलेट, फोल्डर, पम्पलेट, कृषि डायरी, कृषि क्यालेण्डर प्रकाशन<br>➢ छोटो अवधीको भिडियो डकुमेण्टरी |
| | **घ.अनुदान रकम र अधिकतम सीमा :**<br>➢ पत्र पत्रिकामा सुचना प्रकाशन प्रति सुचना ५ हजार सम्म<br>➢ रेडियो, एफ.एम.हरूमा प्रति सुचना ५ हजार सम्म<br>➢ भिडियो डकुमेण्ट्री वढीमा १ लाख सम्म<br>➢ अन्य पुस्तिकाहरू छपाइमा कार्यक्रम लागत ईष्टिमेट अनुसार |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासाङ्गीक विषय :**<br>➢ सझौता पत्र अनुसार छपाइका सम्पूर्ण सामाग्रीहरु छपाउने । |